मानननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्री

**श्री शंकर पोखरेलले**

प्रदेश सभामा प्रस्तुत गर्नुभएको

# विनियोजन विधेयक, २०७७ का
# सिद्धान्त र प्राथमिकता

प्रदेश नं. ५ प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

बुटवल, रुपन्देही

नेपाल

२०७७ जेठ १६ गते

**माननीय सभामुख महोदय,**

१) कोरोना भाइरस, कोभिड -१९ को विश्वव्यापी महामारीको कारणले आर्थिक तथा सामाजिक जीवन ठप्प प्रायः भएको कठिन परिस्थितिका बीच म यस गौरवमय सभा समक्ष आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थित भएको छु ।

२) कोभिड -१९ को संक्रमण फैलन नदिई जीवन रक्षा गर्न बाध्यात्मक अवस्थामा गरिएको बन्दाबन्दीलाई पालना गरी आफूले कष्ट सहेर भए पनि असल नागरिकको परिचय दिनुभएकोमा म प्रदेशवासी सबै दिदीबहिनी तथा दाजुभाइप्रति आभार प्रकट गर्न चाहन्छु । सबै प्रदेशवासीले देखाएको धैर्यताको सराहना गर्दछु । कोभिड -१९ बाट प्रभावितलाई राहत वितरण गर्न, क्वारेन्टाइन एवम् आइसोलेशन केन्द्र र कोरोना विशेष अस्पताल व्यवस्थापन गर्न खटिने स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरु, डाक्टर, नर्स, प्रयोगशालाका प्राविधिक लगायत स्वास्थ्यकर्मीहरु, प्रदेश सभाका सदस्यहरु, प्रदेश सरकारका कर्मचारीहरु र सुरक्षाकर्मीहरु सबैप्रति धन्यवाद व्यक्त गर्दछु ।

३) कोभिड -१९ को महामारीको असर कति गहिरो र कहिलेसम्म पर्न सक्छ भन्ने बारेमा अहिले नै अनुमान गर्न सकिने अवस्था पनि छैन । हाम्रो विश्लेषण साउन महिनासम्म यस महामारीको प्रकोपलाई स्थिर बनाउँदै क्रमश: नियन्त्रण गर्न सकिन्छ भन्ने रहेको छ । सामान्य अवस्था विद्यमान हुने अनुमानमा तयार पारिएको प्रथम आवधिक योजनाले तय गरेका नीति तथा रणनीतिलाई कोभिड -१९को कारण सिर्जित मन्दीबाट अर्थतन्त्रलाई पुनर्स्थापना गर्ने गरी कार्यान्वयन गर्नुपर्ने भएको छ ।

४) कोभिड -१९ को प्रकोप शुरु नहुन्जेलसम्म प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनमा फड्को मारिरहेको थियो । हाम्रो चौमासिक खर्च क्षमता अघिल्लो आर्थिक वर्षको सोही अवधिभन्दा द्रुत गतिमा बढिरहेको थियो । प्रदेश समन्वय परिषद्को बैठक समयमै सम्पन्न गरिएको थियो । प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा हस्तान्तरण गर्नुपर्ने अनुदान रकम समय तालिका अनुसार निरन्तर उपलब्ध गराइएको थियो ।

५) हाम्रो गतिलाई अचानक ठप्प पार्ने गरी विषम परिस्थिति सिर्जना हुन गएकोले चालु आर्थिक वर्षमा शुरु गरिएका महत्वपूर्ण कार्यक्रम र आयोजनाहरु समयमा सम्पन्न हुन नसक्ने अवस्था आएको छ । प्रदेशको प्राथमिकतामा रहेका कृषि, पर्यटन, उद्योग, यातायात, निर्माणलगायत सबै क्षेत्रहरुले क्षति व्यहोरेका छन्। आपूर्ति श्रृङ्खलामा अवरोध आएको छ । आम्दानी र उपभोगमा संकुचन आएको छ । श्रमिक वर्गको रोजगारीसँगै आय गुमेको छ । वैदेशिक रोजगारीबाट आउने विप्रेषण आय घटेको छ । वैदेशिक रोजगारीमा गएका दाजुभाइ दिदीबहिनीहरु नेपाल फर्कने क्रम बढेसँगै काम र मामको थप व्यवस्थापन गर्नैपर्ने अवस्था सिर्जना भएको छ । भारतबाट भित्रिने नेपालका प्रमुख नाका यस प्रदेशमा भएका कारणले सुरक्षित व्यवस्थापनको दायित्व बढेको छ । विदेशबाट नागरिक भित्रिने क्रमसँगै संक्रमणको दरमा पनि तीव्रता देखिएको छ । यसबाट पनि आर्थिक दायित्वमा वृद्धि हुने अवस्था छ ।

६) कोभिड -१९ संक्रमण नियन्त्रण तथा उपचारको सिलसिलामा हामीले यो पाठ पनि सिक्यौं कि स्वास्थ्य पूर्वाधार र जनशक्तिमा सार्वजनिक क्षेत्रको लगानी ज्यादै न्यून रहेछ । हाम्रो स्वास्थ्य क्षेत्रलाई महामारीसँग जुध्न सक्ने गरी बलियो संस्था बनाउन थप कार्यक्रम र लगानीसमेत बढाउनु पर्नेछ । संक्रामक रोगको उपचार गर्ने विशिष्टीकृत अस्पताल प्रदेशमै निर्माण गर्नुछ ।

७) यतिबेला आय घट्ने तर खर्चको चाप भने बढिरहने असामाञ्जस्य परिस्थितिमा हामी छौं । यस्तो प्रतिकूल परिस्थितिमा विनियोजन कुशलताको माध्यमबाट उपलब्ध साधन स्रोतको महत्तम उपयोग गर्ने, प्रदेश सरकार सहजकर्ताको रुपमा रहेर सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रस्फुटित हुने अनुकूल वातावरण निर्माण गर्ने, टुटेको उत्पादन, माग तथा आपूर्ति श्रृङ्खलालाई पुनर्संयोजन गरी प्रदेशको अर्थतन्त्र चलायमान र गतिशील बनाउने र उत्पादन तथा रोजगारीका अवसर बढाई आत्मनिर्भर प्रदेश निर्माण गर्न सहयोग पुग्ने गरी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको तयारी गरेको छ ।

**माननीय सभामुख महोदय,**

८) उल्लेखित पृष्ठभूमि एवम् **समृद्ध प्रदेश खुसी जनता** को लक्ष्य हासिल गर्ने प्रदेश सरकारको प्रतिबद्धताको आलोकमा रहेर अब म विनियोजन विधेयक, २०७७ को सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९) नेपालको संविधानले परिकल्पना गरेअनुरुप सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुनेछ।

१०) प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका लक्ष्यहरु र चुनावी घोषणापत्रमार्फत गरेका प्रतिबद्धतासमेतलाई कोभिड -१९ का कारण उत्पन्न असरहरु कम गर्ने कार्यक्रमसँग एक-अर्काको परिपूरकको रुपमा कार्यान्वयन गरी घोषित लक्ष्य र प्रतिबद्धता हासिल गर्ने गरी आगामी आर्थिक वर्षको बजेट निर्माण गरिनेछ।

११) कोभिड -१९ को कारण गर्नुपरेको बन्दाबन्दीबाट ठप्प प्रायः बनेको आर्थिक इन्जिनलाई प्रोत्साहनको तेल थप्दै पहिलेभन्दा अझ बढी गतिमा चलायमान

गराई उच्च आर्थिक वृद्धिदर हासिल गर्नेतर्फ बजेट कार्यक्रम केन्द्रित गरिनेछ । कोभिड-१९ को कारणबाट प्रभावित प्रदेशको अर्थतन्त्रलाई माथि उठाउन अर्थतन्त्र पुनर्स्थापना कार्यक्रम सञ्चालनमा ल्याउने गरी स्रोत प्रवाह गरिनेछ।

१२) कोभिड – १९ जस्ता महामारी र विपद्सँग प्रतिकार गर्न सक्षम हुने गरी यस प्रदेशको स्वास्थ्य क्षेत्र जनशक्ति तथा पूर्वाधार निर्माण गर्न स्रोत परिचालन गरिनेछ ।

१३) तत्काल छिटो प्रतिफल दिने एवम् रोजगारी अभिवृद्धिमा योगदान गर्ने र मध्यमकालमा आत्मनिर्भरता बढाउने र निकासी प्रवर्द्धन गर्ने गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई परिचालन गर्नेतर्फ बजेट केन्द्रित रहनेछ ।

१४) बजेट कार्यान्वयनमा सुधार ल्याउनेतर्फ बजेट केन्द्रित रहनेछ । विनियोजन र खर्चबीचको खाडल न्यून पार्न विनियोजनका साथसाथै कार्यान्वयनमा कुशलता हासिल गर्ने र स्रोत परिचालनमा मितव्ययिता र पारदर्शिता कायम गर्ने प्रणाली अवलम्बन गरिनेछ । मध्यमकालीन खर्च संरचनाद्वारा आयोजना र विनियोजनलाई अनुमानयोग्य बनाइनेछ ।

१५) बजेट विनियोजन गर्दा प्रदेशको भौगोलिक विविधता, स्थानीय तह र निर्वाचन क्षेत्र, महिला, अपाङ्ता भएका व्यक्ति, पिछडिएको वर्ग समुदाय एवम् कोभिड -१९ बाट बढी प्रभावित वर्ग र क्षेत्रको सन्तुलित विकास हुने गरी समन्यायिकताको सिद्वान्त अवलम्वन गरिनेछ ।

१६) संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य अझ बढी मजबुत पार्ने र प्रदेशबाट स्थानीय तहमा प्रवाह हुने अनुदान स्थानीय आवश्यकता र रोजगारी अभिवृद्धि गर्ने क्षेत्रमा प्रवाह गरिनेछ । प्रदेशवाट स्थानीय तहलाई दिँदै आएको अनुदानमा कमी आउन दिइने छैन ।

**माननीय सभामुख महोदय,**

**अव म विनियोजन विधेयक, २०७७ का उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१७) मैले विनियोजन विधेयकका उद्देश्य तय गर्दा खासगरी तीनवटा विषयलाई पृष्ठपोषकको रुपमा राखेको छु ।

क. प्रदेशले तय गरेको **समृद्ध प्रदेश, खुसी जनता**को सोच अनुरुप प्रथम आवधिक योजनाले निर्धारण गरेका उद्देश्य,

ख. निरन्तरता दिन आवश्यक भएका यस अघिका बजेटमा घोषणा गरिएका कार्यक्रमहरु,

ग. कोभिड-१९ का कारणले उत्पन्न हुन गएको विषम परिस्थितिको सामना गर्न प्रदेश सरकारको तर्फबाट चाल्नुपर्ने कदमहरु ।

१८) उपर्युक्त पृष्ठभूमिमा आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन् :

क) कोभिड-१९ का कारण प्रदेशको अर्थतन्त्रमा परेको असर कम गरी अर्थतन्त्रलाई पुनः गतिशील बनाई उच्च एवम् दिगो आर्थिक वृद्धिदर हासिल गर्ने।

ख) स्वास्थ्य सेवाको क्षमता र सर्वसुलभता बढाउने । मजबुत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने ।

ग) कृषि क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको खम्बाको रुपमा विकास गर्ने। यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणका माध्यमद्वारा कृषि क्षेत्रमा उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने।

घ) कृषि, आन्तरिक पर्यटन, उद्योग, श्रममूलक सार्वजनिक निर्माण, साना तथा घरेलु उद्यमको प्रवर्द्धनद्वारा रोजगारीका अवसरमा उल्लेख्य वृद्धि

गर्ने। वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई स्वदेशमै कामका अवसर सिर्जना गर्ने।

ङ) प्रदेशको सेवा प्रवाहमा आधुनिक प्रविधिको उपयोगसहित दक्षता हासिल गर्ने। बजेट कार्यान्वयनमा सुधार ल्याउने।

**माननीय सभामुख महोदय,**

अब म बजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९) आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा कोभिड -१९ को महामारीबाट शिथिल बनेको अर्थतन्त्रको पुनर्स्थापना गर्ने विषयलाई केन्द्रबिन्दुमा राखी नेपालको संविधान, संविधानप्रदत्त मौलिक हकहरुको कार्यान्वयन, राज्यका निर्देशक सिद्धान्तले निर्देश गरेका विषयहरु, संविधानको अनुसूचीमा उल्लेख भएबमोजिम प्रदेशको अधिकार सूची तथा प्रदेश नं. ५ को प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरुलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।

२०) कोभिड -१९ का कारण नेपालभित्र तथा विदेशबाट रोजगारी गुमाएका नेपाली नागरिकलाई रोजगारी प्रदान गर्न रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरी थप रोजगारीका अवसर सिर्जना गरिनेछ । उद्यमशीलता प्रवर्द्धन र स्वरोजगारका अवसरहरु निर्माण गरिनेछ ।

२१) नेपालमा रहेका विदेशी कामदार फर्किएर रिक्त हुन आएका कामको पहिचान गरी नेपाली कामदारलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिई त्यसरी रिक्त भएको स्थानमा काममा लगाइनेछ।

२२) प्रदेशको बेरोजगार र अर्धबेरोजगार जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्नको लागि कृषिलाई विशेष प्राथमिकतामा राखिनेछ । कृषि उत्पादन तथा

भण्डारण क्षमता बढाई खाद्य सुरक्षाको प्रत्याभूत गरिनेछ । कृषि ऋणमा ब्याज अनुदान तथा मल-बीउ, यन्त्र उपकरण खरिदमा सहुलियत प्रदान गरिनेछ ।

२३) चालु आर्थिक वर्षमा सञ्चालित अधुरा आयोजनालाई सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ । बहुवर्षीय आयोजना तोकिएको समयावधिभित्रै सम्पन्न गर्ने गरी स्रोत सुनिश्चित गरिनेछ । ठेक्का लागेर बन्दाबन्दीका कारण सम्पन्न हुन नसकेका आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ । प्रदेश योजना आयोगले पहिचान गरेका नयाँ आयोजनाहरुको निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन गर्न बजेटको व्यवस्था गरिनेछ ।

२४) संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरुमा दोहोरो नपर्ने गरी बजेट विनियोजन गरिनेछ । पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन भइसकेका आयोजना मात्र कार्यान्वयनमा लगिनेछ ।

२५) विनियोजनलाई मितव्ययी एवम् नतिजामुखी बनाइनेछ । अनुत्पादक क्षेत्रमा खर्च कटौती गरिनेछ। तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरु कम गरिनेछ । उत्पादन वृद्धि, आयआर्जन वृद्धि र थप रोजगारी सिर्जनामा सघाउ पुर्याउने कार्यक्रमलाई प्रोत्साहन गर्ने गरी बजेट विनियोजन गरिनेछ ।

२६) बजेट विनियोजन र खर्चको अन्तरलाई न्यून गरिनेछ । अनुगमन बढाई सार्वजनिक खर्चलाई थप पारदर्शी र जवाफदेही बनाइनेछ।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७७ मा अवलम्बन गरिने प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२७) नेपालको संविधानले मार्गनिर्देशन गरेअनुसार राज्यले अवलम्बन गर्ने नीति र दायित्व निर्वाह गर्नको लागि समावेशीकरण, सहभागिता र सामाजिक न्यायको सिद्धान्तको आधारमा प्रदेश सरकारका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने आगामी आर्थिक वर्षको बजेटको मुख्य नीति हुनेछ ।

२८) प्रदेशको प्रथम आवधिक योजनाले तय गरेका नीति कार्यान्वयन गर्न आयोजना तथा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२९) कोभिड -१९ बाट हुने क्षति न्यूनीकरण गर्ने र यसबाट सिर्जित महामारीका कारणले प्रदेशको अर्थतन्त्र र सामाजिक जीवनमा परेको असर छोटो समयमा नै कम गरी जनजीवन र अर्थतन्त्रलाई कोभिड -१९ पूर्वकै अवस्थामा चलायमान बनाउने नीति लिइनेछ ।

३०) स्वास्थ्य पूर्वाधारमा सुधार गरी स्वास्थ्य सेवालाई थप सुलभ र सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ । कोरोना विशेष अस्पताल, आइसोलेसन केन्द्र विस्तार र सञ्चालनका लागि आवश्यक खर्चको व्यवस्था मिलाइनेछ । प्रादेशिक अस्पताललाई विशेषज्ञ र विशिष्टीकृत सेवा प्रदान गर्ने गरी पूर्वाधार विकासमा जोड दिइनेछ । जिल्लास्थित अस्पताल लगायत स्वास्थ्य पूर्वाधार विकासमा प्राथमिकता दिने नीति रहनेछ ।

३१) कोभिड- १९ को कारणबाट रोजगारी र आय-आर्जन गुमाएका श्रमजीवी एवम् सीमान्तकृत वर्ग, न्यून आय भएका सर्वसाधारण नागरिकहरुलाई स्थानीय तहमार्फत राहत प्रदान गरी रोजगारीमा प्राथमिकता प्रदान गर्ने नीति रहनेछ ।

३२) कोभिड -१९ को कारण नेपालमा रोजगारी गुमाएका र विदेशमा रोजगार गुमाएर नेपाल फर्किएका प्रदेशवासीलाई रोजगारी प्रदान गर्न कृषि, घरेलु तथा साना उद्यम, सार्वजनिक निर्माण लगायतका क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्ने नीति रहनेछ ।

३३) विदेशी कामदार आफ्नो मुलुक फर्किएर रिक्त हुन आएका कामको पहिचान गरी नेपाली कामदारलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिई त्यसरी रिक्त भएको स्थानमा काममा लगाउने नीति रहनेछ ।

३४) चालु आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न हुन नसकेका तथा बहुवर्षीय आयोजना तोकिएको समयभित्रै सम्पन्न गर्ने गरी स्रोत विनियोजन गरिनेछ । ठेक्का लागेर बन्दाबन्दीका कारण सम्पन्न हुन नसकेका आयोजना र विगतदेखिका अधुरा आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्न र प्रदेश योजना आयोगले पहिचान गरेका नयाँ आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न बजेटको व्यवस्था गरिनेछ । कोभिड-१९ को कारण सिर्जित चुनौतीबाट उत्पन्न प्राथमिकताका क्षेत्र बाहेकका अन्य नयाँ परियोजनाहरुमा बजेट विनियोजन नगर्ने नीति अवलम्बन गरिनेछ।

३५) कृषि, उद्योग, पर्यटन, खानी लगायतका क्षेत्रमा निजी लगानी आकर्षित गरिनेछ । प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गर्ने नीति रहनेछ ।

३६) स्थानीय तहमा हस्तान्तरण गरिने अनुदान रोजगारमूलक र स्थानीय उत्पादनशीलता वृद्धि गर्ने कार्यक्रमतर्फ लक्षित हुनेछ।

३७) प्रदेशको राजश्वको आधार विस्तार गरिनेछ । खानी, वन, उद्योग क्षेत्रबाट प्रदेशको आम्दानी बढाउने नीति लिइनेछ । प्रदेशको खर्च क्षमता वृद्धिका लागि विशिष्टीकृत नाफामूलक क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ ।

३८) यस प्रदेशमा आर्थिक सामाजिक रुपमा पछाडि परेको क्षेत्र, वर्ग र जातिलाई सामाजिक न्याय र समानताका आधारमा सबै क्षेत्रमा प्रतिनिधित्व र अवसर प्रदान गर्नेतर्फ प्रदेशको बजेट केन्द्रित हुनेछ ।

३९) प्रदेश सरकारले प्रदेश सभा समक्ष पेश गरेको नीति कार्यक्रम र सो उपर छलफल हुँदा माननीय सदस्यज्यूहरुले व्यक्त गर्नुभएका विचार एवम् सुझावलाई स्रोतको उपलब्धता हेरी यथासम्भव सम्बोधन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

४०) कोभिड -१९ को कारण उत्पन्न विश्वव्यापी आर्थिक मन्दीको चपेटामा हामी पनि परिसकेका छौं । यसको दुष्प्रभावबाट हुन गएको आवागमनमा अवरोध, उत्पादन तथा आपूर्तिमा अवरोध र बढ्दो बेरोजगारीको अवस्थामा प्रदेश सरकारले पेश गर्न लागेको बजेटबाट निजी क्षेत्र, मजदुर, किसानलगायत सबै क्षेत्रका नागरिकहरुले राहत र सहयोगको अपेक्षा गर्नुभएको छ जुन स्वभाविक पनि छ । प्रदेश सरकारको स्रोत र साधनले भ्याएसम्म सवैका अभिलाषाहरुको सम्बोधन गरिनेछ । यसरी सम्वोधन गरिरहँदा तीन तहका सरकारहरुबीच सामन्जस्यता कायम गरिनेछ ।

४१) बजेट विनियोजन गर्दा विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकताउपर यस सभामा छलफल हुँदा माननीय सदस्यज्यूहरुबाट प्राप्त सुझाव तथा प्रदेश सरकारले पेश गरेको नीति कार्यक्रमको भावना समेटिनेछ । आम्दानीको स्रोत घटिरहेको तर खर्चको आवश्यकता बढिरहेको अहिलेको विषम परिस्थितिमा साधनको परिचालन झन् चुनौतीपूर्ण बनेको विषयमा माननीयज्यूहरु जानकार नै हुनुहुन्छ । म विश्वस्त पनि छु, यो अप्ठ्यारो परिस्थितिका बीच प्रदेश सरकारले प्रस्तुत गर्ने बजेटको पूर्वतयारी,

निर्माण र कार्यान्वयनमा विगतका वर्षहरुमा झैं यहाँहरु सबैको सकारात्मक मार्गदर्शन र सहयोग प्राप्त हुने नै छ। हालसम्मको सहयोगका लागि माननीयज्यूहरु लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।